नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-:अभद्र व्यवहार ।

मि.नं. २०९, दायर मिति-:२०८०-०६-२४

फैसला मिति-२०८०-०८-०७

वादी

राजेश्वर पंडितको जाहेरीले नेपाल सरकार--१

प्रतिवादी

जिल्ला पर्सा पकाहामैनपुर गा.पा. वडा नं. ०२ सुर्जाहाटोल बस्ने वर्ष ४५ को फरिन्द्र सहनी समेत ३-१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

**१.प्रतिवादीहरुले अश्लिल गाली गलौज गर्दै हातपात गरी अभद्र व्यवहार गरेको भन्ने राजेश्वर पंडितको जाहेरी दरखास्त।**

**२. अश्लिल गाली गलौज गर्दै हातपात गरी अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।**

**३. अश्लिल गाली गलौज गर्दै हातपात गरी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका लालबाबु ठाकुर समेतको घटनाविवरण कागज।**

**४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।**

**५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।**

## ठहर-खण्ड

**यसमा कसैसँग झै-झगडा हातपात गरेको छैन भनी प्रतिवादीहरुले ईन्कारी बयान गरेतापनी हेर्दा मिति २०८०।०४।०५ गते बिहान अं. ०६:०० बजेको समयमा जिल्ला पर्सा पकाहामैनपुर गा.पा. वडा नं.०२ स्थित सार्वजनिक सडकमा जाहेरवालालाई विभिन्न अपशब्द प्रयोग गरी हातपात समेत गरेकोले प्रतिवादीहरु फरिन्द्र सहनी, गणेश सहनी र बृजेश सहनी समेतलाई पक्राउ गरी कानून बमोजिम कारवाही होस् भन्ने व्यहोराको घटनास्थल मुचुल्का तथा राजेश्वर पंडितको जाहेरी दरखास्त ,सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु फरिन्द्र सहनी,गणेश सहनी र बृजेश सहनीलाई जरिवाना जनही रु ५,०००।- गर्ने र मुलुकी अपराध संहिता, २०७४ को दफा १२७ बमोजिम क्षतिपुर्तिवापत रु ४०,०००।-वादीलाई भरी भराई दिनु । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।**

## तपसिल खण्ड

**१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी बृजेश सहनी लाई ठहरेको जरिवानाको हकमा मिति २०८०-०६-३० गते र.नं. १८६ बाट दाखिला गरेको धरौटी रकम रु ५०००।- बाट जरिवाना रकम रु ५,००० कट्टा गरि मिनाहा गर्नु र प्रतिवादीहरु फरिन्द्र सहनी र गणेश सहनी लाई ठहरेको जरिवानाको हकमा मिति २०८०-०६-२५ गते र.नं. १७७,१७८ बाट दाखिला गरेको धरौटी रकम जनही रु २५,०००।- बाट जरिवाना रकम जनही रु ५,००० कट्टा गरि मिनाहा गर्नु र बाँकी रहेको रकम जनही रु २०,०००।- मुलुकी अपराध संहिता, २०७४ को दफा १२७ बमोजिम क्षतिपुर्तिवापत वादीलाई भरी भराई दिनु।-----------------------------------------------------------------------------------------------------------१**

**२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनु-----------------------------------------------------------------------------------------------१**

**३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु------------------------------------------------१**

**४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु--------१**

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल मंसिर महिना ०७ गते रोज ५ शुभम् ........................